

**के तपाईंको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



**रु. १.५ मा**

**कलर भिजिटिङ कार्ड साथै**
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस २३ गते शनिबार ❑ 7 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## जनप्रतिनिधिलाई काम गर्न अनुकूल वातावरण : अध्यक्ष तिमिल्सिना

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ पुस**



राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले स्थानीय तह र प्रदेशसभामा निर्वाचित नयाँ जनप्रतिनिधिलाई काम गर्नका लागि अहिले अनुकूल वातावरण रहेको बताउनुभएको छ।

जिल्ला समन्वय समिति महासंघ नेपालको शुक्रबारदेखि पोखरामा सुरु भएको चौथो राष्ट्रिय परिषद्को उद्घाटन गर्दै उहाँले अघिल्ला जनप्रतिनिधिलाई कार्यालय व्यवस्थापनलगायतका काम गर्न जटिल रहे पनि अहिले सहज वातावरण बनेको उल्लेख गर्नुभयो । स्थानीय पालिकाले अधिकार प्राप्त गरेपछि दोस्रो चरणमा गाउँपालिका, नगरपालिका र महानगरपालिकाबाट जनताले महसुस गर्ने गरी र परिणाम दिने गरी काम हुने विश्वास अध्यक्ष तिमिल्सिनाको छ। उहाँले भन्नुभयो, 'नयाँ निर्वाचित जनप्रतिनिधिलाई काम गर्न अनुकूल वातावरण छ । अब परिणाम देखाउने गरी जान सक्छौँ । प्रदेशमा नयाँ संरचना भएकाले मुख्यमन्त्री, मन्त्री, सभामुख सभा सञ्चालन र कर्मचारी व्यवस्थापनलगायत रातारात हुने कुरा थिएन, व्यवस्थापन जटिल थियो । सेवा प्रवाह चुनौतीपूर्ण रहे पनि अब गति लिएको छ।'

अध्यक्ष तिमिल्सिनाले समयमै ऐन कानून नबन्दा अघिल्लो कार्यकालमा स्थानीय तहहरूले समस्या भोग्नुपरेको बताउनुभयो । अबका दिनमा पहिलो काम बाँकी ऐन कानून निर्माणलाई सङ्घ र प्रदेश सरकारले प्राथमिकता दिनुपर्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, 'चुनावसँगै सङ्घ र प्रदेशमा नयाँ सरकार बन्ने चरणमा छ । संसद्का बैठक आह्वान भएकाले संसद् बैठकबाट सरकारले संविधानमा निर्दिष्ट गरेका बाँकी ऐन निर्माण गर्ने पहिलो काम गर्नुपर्दछ ।' गण्डकी प्रदेशका उद्योग, पर्यटन तथा आपूर्तिमन्त्री मणिभद्र शर्माले जिल्ला समन्वय समितिलाई अधिकार सम्पन्न बनाएर प्रदेश र स्थानीय


बाँकी अन्तिम पृष्ठमा ▶▶


## अमेरीकाको बिवाईएससी र संकटा क्लव आहा रारा पोखरा गोल्ड कपको उपाधिको लागि भिड्दै

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ पुस**



पहुना टोली अमेरीकाको भुटानी युथ स्पोटर्स क्लब (बिवाईएससी) र संकटा क्लव २२ औ संस्करणको आहा ! रारा पोखरा गोल्डकप फुटवल प्रतियोगिता २०७९ को उपाधिको लागि शनिबार फाइनल खेलमा प्रतिष्प्रर्धा गर्ने भएका छन्। २०७७ सालको विजेता संकटाले आहा रारामा दोश्रो उपाधि जित्ने रणनितीमा हुदा गत बर्ष क्वाटरफाइनल यात्राबाट बाहिरिएरको बिवाईएससीले यसपाली उपाधि जित्दै इतिहास रच्ने रणनितीमा रहेको छ।

उपाधि सहित १२ लाख नगद पुरस्कारको लागि शनिबार १:३० बजे फाइनल खेल हुने भएको प्रतियोगिताका संयोजक केशवराज बरालले बताए। २०७१ को १३ औं आहा रारा पोखरा गोल्डकपमा थ्रि स्टारलाई सम्हाल्दै उपाधि जितेका प्रदिप हुमागाई यसपाली आफ्नो प्रशिक्षणमा रहेको बिवाईएससीलाई जिताउन चहान्छन । नेपालका राष्ट्रिय खेलाडीहरु र अनुभवी टिमको सन्तुलन भएको संकटना बिरुद्धको खेल फाइनल निकै प्रतिष्प्रर्धा हुने उनले शुक्रबार पोखराको लेकसाइडमा आयोजित प्रि म्याच कन्फरेन्समा वोल्दै बताए । यस अघिको एउटा उपाधि पोखरामा जितेको हुनाले आफुहरुमा मनोवल उच्च भएकोले भोलि हुने फाइनतल खेल आफ्नो पोल्टामा पार्ने गरी खेल्ने पूर्ण तयारी अबस्थामा रहेको प्रशिक्षक हुमागाईले बताए । संकटा क्लवको टिम, प्रशिक्षक निकै उच्चस्तरको टिम भएको उल्लेख गर्दै उनले उनीहरु बिरुद्ध फाइनल खेलमा खेल्न पाउनु आफ्नो पाहुना टोलीको अर्को भाग्यको कुरा भएको बताए । आफुहरु लामा् दुरीबाट नेपाल आयर नेपालको उत्कृष्ट आहा रारा पोखरा गोल्डकपमा खेल्न पाउनु र त्यसको फाइनलमा पुगेर राम्रोटिम संग फाइनल खेल्ने अवसर मिल्नु खुसिको कुरा भएको प्रशिक्षक हुमागाईले जनाए । पोखरा खेलकुद, पर्यटनको मात्र नभई विभिन्न मठ मन्दिरको समेत को शहर भएकोले पोखरा आउने जो कसैलाई पोखराले प्रभावित पार्ने गरेको प्रशिक्षक हुमागाईले जनाए । संकटाका प्रशिक्षक शल्यान खडकीले आफुहरुले जित्ने गरी खेल्ने बताए। विपक्षि टिम बिवाईएससीका खेलाडीहरु संकटा भन्दा स्वभाविक रुपमा अग्लोकद भएका र शारीरिक रुपमा केही मजबुद भएकोले केही अवुसर भए पछि त्यसको बाबजुत आफुहरु टेक्निकल्ली र ट्याक्टीकल्ली खेल्ने उनले बताए। भोलिको खेल निकै प्रतिप्रर्ध्या हुने प्रशिक्षक खडकीले दाबी गरे।

यस अघि २०७७ सालमा आफुहरुले आहा रारा पोखरा गोल्ड कप जितेको हुनाले केही मनोवल उच्च रहेको समेत उनले जनाए । पोखरेली दर्शकको फाइनल खेलमा साथ सहयोग समेत हुने प्रशिक्षक खड्कीले बताए । बिवाईएससीका कप्तान पुजनथापा मगरले आफुहरु नेपालको राम्रोटिम संग पोखरामा फाइनल खेल्न पाउनु नै ठुलो यपलब्धि भएको बताउदै फाइनल खेल निकै रोमान्चक हुने जनाए। संकटाका कप्तान सुनिल बलले पाहुना टोलीले अघिल्ला खेलमा निकै राम्रा टिमलाई पराजित गर्दै फानइनलमा यात्रा बनाएकोले उनीहरु बिरुद्ध जित निकाल्न निकै


बाँकी अन्तिम पृष्ठमा ▶▶


## अनुसन्धानमा आधारित शिक्षा आवश्यक : उपकुलपति अर्याल

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ पुस**

पोखरा विश्वविद्यालयका उपकुलपति प्राडा प्रेमनारायण अर्यालले अनुसन्धानमा आधारित शिक्षा आवश्यक हुनेमा जोड दिनुभएको छ।

पोखरा विश्वविद्यालय स्वास्थ्य विज्ञान सङ्कायको आयोजना एवम् नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को सहयोगमा सञ्चालित तीनदिने स्वास्थ्य अनुसन्धान पद्धतिसम्बन्धी तालिमको उद्घाटन गर्दै उहाँले अनुसन्धानले नयाँ सोच, ज्ञान र परिवर्तनको विकास गर्ने उल्लेख गर्नुभयो । लेखेर, घोकेर, अनुकरण गरेर हासिल हुने शिक्षाले समाज परिवर्तन गर्न नसक्ने उल्लेख गर्दै उहाँले प्राज्ञिक उन्नयन र व्यक्तित्व विकासका लागि विश्वविद्यालय शिक्षा रचनात्मक र अनुसन्धानमुखी हुनुपर्नेमा जोड दिनुभयो। पोखरा विश्वविद्यालयका रजिष्ट्रार प्राडा दीपकबहादुर भण्डारीले शिक्षक राष्ट्रको प्रबुद्ध वर्गमा पर्ने उल्लेख गर्दै पढ्ने पढाउने मात्र नभई उसले सभ्य र अनुशासित जनशक्ति उत्पादनतर्फ ध्यान दिनुपर्ने बताउनुभयो । अनुसन्धानमा विश्वसनीयता र नवीनता हुनुपर्ने उल्लेख गर्दै उहाँले अनुसन्धान प्रस्ताव डिग्री हासिल गर्नेतर्फ मात्र नभई पाठ्यक्रम निर्माण र जनस्वास्थ्य परियोजना भित्र्याउनेतर्फ पनि केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा विश्वविद्यालयका मानविकी तथा सामाजिकशास्त्र सङ्कायका डिन सहप्राडा अजय थापा, स्वास्थ्य विज्ञान सङ्कायका डिन सहप्राडा अमर नागिला, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का कार्यकारी प्रमुख डा प्रदीप ज्ञवाली, स्कुल अफ हेल्थ एन्ड एलाइड साइन्सेजका स्कुल निर्देशक उपप्रा बिमला भट्ट लगायतले अनुसन्धानको महत्व लगायतमा बोल्नुभयो।

विश्वविद्यालयका सूचना अधिकारी लोकप्रसाद ढकालका अनुसार स्वास्थ्य प्रणाली अनुसन्धान प्रस्ताव विकासमा स्वास्थ्यकर्मीको ज्ञान तथा सीप वृद्धि गरी उनीहरूलाई स्वास्थ्य अनुसन्धान प्रक्रियाका बारेमा परिचित गराउने उद्देश्यका साथ कार्यशाला आयोजना गरिएको हो।

## गण्डकी प्रदेशमा सरकार बनाउन दलको सक्रियता

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ पुस**

गण्डकी प्रदेश प्रमुखले बहुमतसहित मुख्यमन्त्रीमा दाबी पेश गर्न शुक्रबार आह्वान गरेसँगै यहाँका राजनीतिक दलहरूले सरकार गठनमा सक्रियता बढाएका छन् । प्रदेश प्रमुख पृथ्वीमान गुरुङले सरकार गठनका लागि सोमबार बेलुका चार बजेसम्मको समय दिनुभएको छ।

प्रदेशसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेकाले दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्य मुख्यमन्त्रीमा नियुक्त हुनेछन् । केन्द्रीय समीकरण तलमाथि नभएका खण्डमा सोही गठबन्धनले प्रदेश सरकार बनाउनेछ।

सत्ता गठबन्धनबाट नेकपा (एमाले) गण्डकी प्रदेश संसदीय दलका नेता खगराज अधिकारी मुख्यमन्त्री बन्ने लगभग पक्का छ । प्रदेशसभामा गठबन्धन दलतर्फ एमालेको २२, नेकपा (माओवादी केन्द्र)को आठ र राष्ट्रिय प्रजातन्त्र पार्टीको दुई सिट छ । जुन सरकार गठनका लागि बहुमत संख्या हो।

प्रदेशसभामा रहेका कूल ६० सदस्यमध्ये सरकार गठनका लागि ३१ प्रदेशसभा सदस्यको समर्थन चाहिन्छ । एक सदस्य रहेको एकीकृत समाजवादीको समेत समर्थन लिन सके गठबन्धनलाई सहज बहुमत पुग्न सक्छ । सत्ता समीकरणमा कुनै नाटकीय फेरबदल आएमा भने नेपाली कांग्रेसले पनि सरकार


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा भन्सार कार्यालय स्थापना गर्ने सरकारको निर्णय

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ पुस**

सरकारले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा भन्सार कार्यालय स्थापना गर्ने निर्णय गरेको छ।

बिहीबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको मन्त्रिपरिषद् बैठकले विमानस्थलको भरपुर प्रयोगका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएण्डएम) गर्न पूर्वस्वीकृति दिने निर्णय गरेको उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलले जानकारी दिनुभयो। उक्त आयोजनाको प्रभावकारी व्यवस्थापन गर्ने र यसबाट मुलुकले यथेष्टरुपमा लाभान्वित हुने अवस्था सिर्जना गर्ने जिम्मेवारी सरकारको काँधमा रहेको जनाउँदै उहाँले विमानस्थलको भरपुर प्रयोगका लागि गर्नुपर्ने काममध्येको महत्वपूर्ण काम भन्सार कार्यालय स्थापना गर्ने निर्णय गरिएको जानकारी दिनुभयो । पोखरा विमानस्थल राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले यही पुस १७ गते सो विमानस्थलको उद्घाटन गर्नुभएको थियो। चिनियाँ ऋण सहयोगमा उक्त विमानस्थल निर्माण गरिएको हो । मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न आज अर्थ मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्तासमेत रहनुभएका उपप्रधानमन्त्री पौडेलले कोरोना महामारीका बाबजुद पनि पोखरा विमानस्थल समयमै निर्माण भएको बताउनुभयो।

बैठकले राष्ट्रियसभाको रिक्त सदस्य पदका लागि आगामी माघ २५ गते बुधबार निर्वाचनको मिति तोक्ने निर्णय गरेको छ। राष्ट्रियसभा सदस्य खिमलाल भट्टराईले पदबाट राजिनामा दिएसँगै लुम्बिनी प्रदेशतर्फको राष्ट्रियसभा सदस्यको पद रिक्त छ। उहाँ राष्ट्रियसभामा लुम्बिनी प्रदेशबाट निर्वाचित हुनुहुन्थ्यो।

सरकारले राष्ट्रियसभाको उपनिर्वाचनको मिति तोकेर निर्वाचन आयोगलाई जानकारी गराएको प्रवक्ता पौडेलले बताउनुभयो। बैठकले गतमङ्सिरमा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका क्रममा बाजुरामा मृत्यु भएका सञ्जीव ऐडी र चेतनदेव ऐडीका परिवारलाई आर्थिक सहायतास्वरुप जनही रु १० लाख प्रदान गर्ने निर्णय गरेको छ।

यस्तै बैठकले कम्बोडियामा एक क्यासिनोमा आगलागी हुँदा मृत्यु भएका झापाको विर्तामोड नगरपालिका-१ का निराकार पाण्डेको शव नेपाल ल्याउन आवश्यक पहल गर्ने निर्णय गरेको छ । उहाँको शव नेपाल ल्याउन लाग्ने खर्च नेपाल सरकारले व्यहोर्ने निर्णय भएको प्रवक्ता पौडेलले जानकारी दिनुभयो । प्रधानमन्त्री दाहालले बिहीबार मन्त्रिपरिषद् बैठक अघि पाण्डेका परिवारसँग छलफल गरी शव नेपाल ल्याउने पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नेपालको फुटवल टोलीलाई स्पेन र विश्व चर्चीत खेलाडी नेपाल ल्याउन पहल गर्छौं: उपाध्यक्ष सुवेदी

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ पुस**



लुम्बिनी गार्डेन फाउण्डेशनका उपाध्यक्ष गोविन्द सुवेदीले नेपालमा उपयुक्त वातावरण भएको खण्डमा नेपालका फुटवल खेलाडी स्पेन र विश्व चर्चीत फुटवल खेलाडीहरुलाई नेपाल ल्याउन पहल गर्ने बताएका छन्। फाउण्डेशनको आयोजनामा हालै पोखरा र काठमाण्डौंमा हालै सम्पन्न भएको मैत्रिपुर्ण फुटवल खेलको विहिबार पोखरामा आयोजित समिक्षा सहित धन्यवाद ज्ञापन कार्यक्रममा बोल्दै उपाध्यक्ष सुवेदीले नेपालको फुटवल खेलको विकासको लागि आफुहरुले नेपालका खेलाडी स्पेन र स्पेनबाट विश्वकै चर्चीत खेलाडी नेपाल ल्याउने उपयुक्त वातावरण भए त्यसमा आफुहरुले पहल गर्ने बताएका हुन्।

शान्ती र पर्यटनका लागि फुटबल भन्ने नाराका साथ नेपालमा ऐतिहासिक मैत्रिपुर्ण फुटवल खेल भव्य रुपमा सम्पन्न गराउन सहयोग गर्नुहुने सम्पुर्ण संघ संस्था एवं व्यक्तिहरुलाई फाउण्डेशनले धन्यवाद दिएको छ। आफुहरुले विश्वमा फुटवल खेलको माध्यमबाट शान्ति र पर्यटन प्रबर्द्धन गर्न खोजेको यो अभियानमा हाल १६ देशसंग सम्झौता भएको दाबी गर्दै उपाध्यक्ष सुवेदीले अब आफ्नो अभियानमा विश्वका धेरै देशहरु जोडिने दाबी गरे। स्पेनको बि डिभिजनको उत्कृष्ट मध्यको एक काथेरेन्यो फुटवल क्लव नेपालमा ल्याएर नेपाली मैदानमा खेलाउदा आफुहरुले अपेक्षा गरे अनुसार केही क्षेत्रबाट सहयोग नपाएको गुनासो गर्दै उनले नेपाली फुटवल विकास गर्ने अभियानमा अब सबै एक हुन आग्रह गरे। नेपाली फुटवलको विकास सहित नेपाली जनताको हितमा हुने अन्य सामाजिक कार्यक्रम तथा योजना ल्याउने आफुहरुको भावी योजना भएको उपाध्यक्ष सुवेदीले बताए। आफुहरु संसारको जहाँ भए पनि नेपाली माटो र नेपाललाई भने भुल्न नसक्ने उनको भनाई थियो।

भगवान गौतम बुद्ध र विश्वको शिखर सगरमाथाको नाम विश्व सामु पहिचान गाउन पनि स्पेनमा आफुहरुले लुम्बिनी पार्क निर्माण गर्ने अभियानमा रहेको महासचिव एकराज गिरीले बताए। काठमाण्डौं ११ का टिम प्रशिक्षक मेघराज केसीले स्पेन जस्तो देशका विश्व कपमा खेलेका र यूरोकप खेलेका खेलाडी नेपाल आएर नेपाली फुटवल खेलाडीहरुसंग खेल्न पाउनु निकै ठुलो खुसिको कुरा भएको बताए। गण्डकी ११ का कप्तान राष्ट्रिय फुटवल टिमका पुर्व कप्तान समेत रहेका अनिल गुरुङले स्पेन र नेपालको फुटवल खेलको स्तर धेरै भिन्नता भए पनि यस्ता कार्यक्रम निरन्त हुन सके नेपाली फुटवलको विकास हुने बताए। कार्यक्रममा नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले नेपाली खेलकुदको विकास गर्ने संस्थाहरुलाई मञ्चले सधा सहयोग गर्ने बताए। यस्ता कार्यक्रमलाई निरन्तरता दिन उनले फाउण्डेशनलाई आग्रह गरे। कास्की जिल्ला फुटवल संघका अध्यक्ष उज्जल रन्जितले नेपाली फुटवल विकासमा फाउण्डेशनले गरेको प्रयास प्रशंसनीय भएको बताए। कार्यक्रममा काठमाण्डौं ११ का खेलाडी, गण्डकी ११ का खेलाडी तथा फाउण्डेशनका पदाधिकारी, पूर्व खेलाडी शुन्दर थापा, मंचका उपाध्यक्ष सुरज श्रेष्ठ, सचिव शसिकुमार पौडेल लगायतको सहभागिता रहेको थियो। यसैबिच पुष १३ गते पोखरा रंगशालामा गण्डकी ११ र स्पेनको काथेरेन्यो क्लव बिच भएको मैत्रिपुर्ण फुटवल खेलमा ३-० को जित हासिल गरेको काथेरेन्योले काठमाण्डौं ११ माथि पुष १४ गते भएको खेलमा २-१ को जित हासिल गरेको हो। उक्त टिमले हालै स्पेनको रियल म्याड्रिडसंग किड्स् कपमा १-० ले पराजित भएको छ।

# आगालागीबाट बच्न सुरक्षा अभ्यास

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, २२ पुस**



सशस्त्र प्रहरी र नेपाली सेनाको टोलीले स्याङ्जामा आगालागी सम्वन्धी सुरक्षा अभ्यास सचेतना कार्यक्रम गरेका छन्।

आगालागीबाट बच्न के कस्तो उपाय अपनाउनु पर्छ भन्ने सचेतना दिन सुरक्षा अभ्यास गरिएको हो। प्रमुख जिल्ला अधिकारी स्याङ्जाका गंगाबहादुर क्षेत्रीको प्रमुख आथित्यतामा गरिएको यो अभ्यास जिल्ला सुरक्षा समिति र वालिङ नगरपालिकाको संयुक्त आयोजनामा गरिएको थियो। वालिङ मोडमा आयोजना गरिएको उक्त अभ्यासमा नेपाली सेनाका ५ र सशस्त्र प्रहरीका ९ जना गरी १४ जना सुरक्षाकर्मीले प्रयोगात्मक प्रर्दशन गरेका थिए।

सयौ नागरिकको सहभागितामागरिएकोआगालागी सुरक्षा अभ्यासमा ग्याँस सिलिण्डरबाट हुन सक्ने सम्भावना, सुरक्षा र नियन्त्रणका विधि प्रयोगात्मकरुपमा देखाईएको थियो।

दैनिक प्रयोगमा आउने ग्याँसबाट हुनेसक्ने आगालागीलाई तत्काल नियन्त्रण गर्न सुरक्षा विधि देखाइएको सशस्त्र प्रहरी बल नेपाल नम्वर ३० गुल्मका गुल्मपति प्रहरी नायव उपरिक्षक राजनलाल श्रेष्ठले बताए। ग्याँस सिलिण्डरलाई आगालागीको प्रयोगात्मकका रुपमा मात्रै प्रयोग गरिएको हो उनले भने,'आगालागी लाग्ने अन्यकारणहरुका बारेमा पनि सचेतना गरेका छौं।' प्रायजसो गर्मी मौसममा हुन सक्ने आगालागीबाट नागरिक कसरी बच्ने र कसरी नियन्त्रणमा लिन सकिन्छ भन्ने सचेतनामुलक सन्देश दिन यो कार्यक्रम आयोजना गरेका हौं उनले भने।

न े पा ल ी सेना समरजित गुल्मका सेनानी हरीप्रसाद भट्टराईको कमाण्ड र सशस्त्र प्रहरी बलका गुल्मपति श्रेष्ठको कामण्डमा आगालागी सुरक्षा अभ्यास कार्यक्रम प्रदर्शन गरिएको थियो।

यो सिकाई र अभ्यासले हामीलाई आगालागी हुदा केही हदसम्म सघाउ पुग्ने स्थानीयले बताए। यस्ता कार्यक्रमहरुको निरन्तरताका लागि उनीहरुले अनुरोध समेत गरेका छन्।

## गण्डकी...

बनाउन सक्ने सम्भावनालाई नकार्न सकिन्न। २७ सिट रहेको कांग्रेस प्रदेशसभाको सबैभन्दा ठूलो दल हो। सरकारको नेतृत्व लिन तम्तयार रहेको कांग्रेसलाई नयाँ गठबन्धन बनेसँगै एकाएक प्रतिपक्षमा बस्नुपर्ने स्थिति आइलागेको छ।

एमाले ससंदीय दलका नेता अधिकारीले गठबन्धन दलहरूबीच सरकार गठनबारे छलफल सुरु भएको बताउनुभयो। 'केन्द्रमा सरकार बनाउन सहयोग पुऱ्याएका दलहरूबीच सरसल्लाह र परामर्श गरेर अघि बढ्छौं', उहाँले भन्नुभयो, 'सरकार गठनका लागि प्रदेश प्रमुखले दिएको समय सीमाभित्रै बहुमत जुटाएर हामी दाबी पेश गर्छौं।' उहाँले सरकार आह्वान ढिलो गरी भएको र समय पनि कम दिइएकाले दलहरूबीचको छलफललाई छिटो टुङ्गोमा पुऱ्याउनुपर्ने धारणा राख्नुभयो। गठबन्धनको दोस्रो ठूलो घटक माओवादी केन्द्रको संसदीय दलका नेता हरिबहादुर चुमानले आफूहरू केन्द्रको निर्णयको पर्खाइमा रहेको बताउनुभयो। 'केन्द्रदेखि प्रदेशसम्मको शक्ति बाँडफाँटबारे केन्द्रीय गठबन्धनमा जे टुङ्गो लाग्छ, त्यहीअनुसार गण्डकीको कोर्स पनि अघि बढ्छ', उहाँले भन्नुभयो, 'प्रदेश तहमा पनि एमालेलगायत दलहरूसँग हाम्रो भेटघाट, छलफल चलिरहेको छ, उहाँहरू पनि केन्द्रको निर्णय के आउँछ भनेर पर्खिरहनुभएको छ, हामी पनि त्यसकै पर्खाइमा छौँ।' कांग्रेसबाट निर्वाचित प्रदेशसभा सदस्य दीपेन्द्रबहादुर थापाले नयाँ गठबन्धनकै सरकार बन्ने स्थिति देखिएकाले आफूहरू सशक्त प्रतिपक्षको भूमिकामा रहने बताउनुभयो। 'नयाँ बनेको गठबन्धन तलमाथि भएको खण्डमा त कांग्रेसले सरकारको नेतृत्वका लागि पहलकदमी लिन्छ', उहाँले भन्नुभयो, 'अहिलेकै परि स्थितिमा कांग्रेसलाई सरकार बनाउनका लागि तदारुकता लिनुपर्ने आवश्यकता छैन, हामीले खास चासो पनि दिएका छैनौँ।' राप्रपाले गठबन्धन छाडेर कांग्रेससँग आएमा गण्डकीमा पनि नयाँ परिस्थिति बन्न सक्ने उहाँको भनाइ छ। प्रदेशसभाको सबैभन्दा ठूलो दललाई पन्छाएर नयाँ गठबन्धनमार्फत एमाले पुनः सत्ताको नजिक आइपुगेको छ। तत्कालीन नेकपा विभाजनका कारण डेढ वर्षअघि एमाले प्रदेश सरकारको नेतृत्वबाट बाहिरएको थियो। गण्डकीको सत्ता राजनीतिले नयाँ मोड लिएसँगै प्रदेश सरकारको तेस्रो मुख्यमन्त्रीका लागि दिनगिन्ती सुरु भएको छ। कुनै पनि दलले बहुमत प्राप्त नगरेको स्थितिमा संविधानको धारा १६८ को उपधारा २ अनुसार सरकार गठन हुनेछ।

## जनप्रतिनिधिलाई...

तहका योजनाको प्रभावकारी अनुगमनको जिम्मेवारी दिनुपर्ने बताउनुभयो।नेकपा(एमाले)गण्डकी प्रदेशसंसदीयदलकानेताएवंपूर्वमन्त्री खगराज अधिकारीले जिल्ला समन्वय समितिको संविधानमा निर्दिष्ट अधिकार क्षेत्रलाई गण्डकी प्रदेशमा कानूनमा व्यवस्था गरेर अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दै यसबाट अन्य सातै प्रदेशलाई प्रेरणा दिने बताउनुभयो। जिल्ला समन्वय समिति महासङ्घका अध्यक्ष नवराज गेलालले संविधानअनुसार प्रदेश सरकारले बनाउनुपर्ने कानून नबनाउँदा समन्वय समितिलाई काम गर्न अप्ठ्यारो परेको बताउनुभयो। उहाँले जनशक्ति र साधनस्रोतका अभावमा समितिका काम प्रभावकारी हुन नसकेको स्पष्ट पार्नुभयो। कार्यक्रममा नेपाली कांग्रेसका नेता गोविन्द भट्टराई, एमाले स्थानीय तह विभाग प्रमुख देवेन्द्र दाहाल, नेकपा (माओवादी केन्द्र)का नेत्री उर्मिला अर्याललगायतले नयाँ सरकारले कानून निर्माण गरेर जिल्ला समन्वय समितिलाई सहज काम गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभएको थियो। परिषद् बैठकमा देशैभरका जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख तथा सदस्यको सहभागिता छ।

## अमेरीकाको...

मेहनत गर्नुपर्ने बताए।

अमेरीकाको बिवाईएससीले पोखरा रंगशालामा विहिबार भएको दोश्रो सेमिफाइनल खेलमा आहा रारामा पहिलो पटक सहभागि भएको चर्च व्वाईज यूनाइटेड फुटवल क्लवलाई १-० को गोल अन्तरले पराजित गर्दै फाइनलमा यात्रा बनाएको हो। यस अघि बिवाईएससीले प्रि क्वाटरमा मनाङ मस्याङदी क्लवलाई पराजित गरेको थियो। यसैबिच, संकटा क्लवले डिफेण्डिङ च्याम्पियन शसस्त्र प्रहरी वलको एपिएफ क्लवलाई पहिलो सेमिफाइनल खेलमा ४-१ गोल अन्तरले पराजित गरी फाइनलमा यात्रा बनाएको हो। संकटाले क्वाटरफाइनल खेलमा भने अर्को विभागिय टोली नेपाली सेनाको त्रिभुवन आर्मी क्लवलाई पराजित गरेको थियो। प्रतियोगिताका म्याच कमिस्नर कृष्ण थापाले यस प्रतियोगिताको हालसम्म २० गोल भएको बताए। प्रतियोगितामा एउटा मात्र रेकर्ड कार्ड, २८ वटा पहेलो कार्ड देखाईएको बताए। प्रतियोगिता अवधिमा दर्शकदिर्घाबाट हुसिल बजाउने केही समस्या भए पनि फाइनल खेलमा त्यसलाई व्यबस्थापन गर्ने बताए। सहारा क्लबको आयोजना तथा हिमश्री फुड्स प्रालिको उत्पादन आहा रारा चाउचाउको मुख्य प्रायोजनमा उक्त प्रतियोगिता जारी रहेको हो।

प्रतियोगिता भोलि शनिबार नै समापन हुने भएको छ। उक्त कार्यक्रममा राखेपका सदस्य सचिव टंकलाल घिसिङ सहितका अतिथिहरुले पुरस्कार वितरणको तयारी गरिएको सहारा क्लवका अध्यक्ष हरिराम गुरुङ(सुरज) ले बताए।

# 'सनातन धर्मको जर्गेना आवश्यक छ'

**पोखरापत्र संवाददाता**
**तनहुँ, २२ पुस**

तनहुँको सदरमुकाम दमौली बजारमा पाँचौं आदिवासी जनजाति महोत्सव शुक्रबारदेखि सुरु भएको छ। महोत्सवको उद्घाटन गर्दै पूर्वमन्त्री एवं तनहुँ क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य शङ्कर भण्डारीले देशको सनातन धर्म संस्कृतिको जर्गेना गर्नुपर्नेमा जोड दिनुभएको छ।

पाँचौं जनजाति महोत्सवको उद्धाटन कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्यसमेत रहनुभएका भण्डारीले हरेक धर्म संस्कृतिको संरक्षण गर्ने दायित्व राज्यको भएको उल्लेख गर्दै देशको मूल सनातन धर्मको पनि रक्षा गर्नुपर्ने बताउनुभयो। नेपाली सनातन धर्म संस्कृतिको जगेर्ना गर्नका लागि सनातन हिन्दू संस्कार र संस्कृतिको ठूलो महत्व रहेकाले संविधानमा उल्लेख गरिएको 'निरपेक्षता' शब्दलाई हटाउनुपर्ने भण्डारीले बताउनुभयो।


## जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ।

◆ सावधानीपूर्वक सवारी साधन चलाऔं।
◆ हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं।
◆ सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं।
◆ सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं।

*आफू पनि बचौं, अरुलाई पनि बचाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# भुमेपुज्ने कृषि सहकारी संस्थाको आठौ साधरण सभा तथा चौथो अधिवेशन कार्यक्रम

पोखरापत्र संवाददाता

पोखरा, २२ पुस



भुमेपुज्ने कृषिसहकारी संस्थाको आठौ साधरण सभा तथा चौथो अधिवेशन कार्यक्रम जेष्ठ नागरिक नर बहादुर सुनारको प्रमुख आतिथ्यमा सम्मपन्न भएको छ।

अध्यक्षको प्रतिवेदन, कोषाध्यक्षको प्रतिवेदन साथै लेखा संयोजक नारायण सुनारको प्रतिवेदन प्रस्तुत गरिएको उक्त कार्यक्रममा असल बचत कर्ताको सम्मान गम बहादुर सुनारलाई गरिएकोमा असल कारोवारको सम्मान नानुमाया विकलाई गरिएको थियो । कृषिको व्यवसायीकरण आजको आवश्यकता भन्ने नाराका साथ स्थापना भएको कृषि सहकारीले सदैव कृषि कर्मका लागि लगानि गरेको जानाकारी दिदै सस्थापक अध्यक्ष रमेश बिश्वकर्माले आगामी दिनमा पनि यसरी नै आत्मनिर्भरका लागि कृषिमा लगानि बढाउनु पर्ने सुझाव पनि दिनुभयो।

उक्त सहकारीको ११ जनाको संचालक समितिको चयन गरिएको छ। जसमा अध्यक्षमा मन बहादुर सुनार, उपाध्यक्षमा रामचन्द्र सुनार, कोषाध्यक्षमा प्रेम जिसि, सचिवमा मोहन बहादुर सुनार, सहकोषाध्यक्षमा कर्णमोहन सुनार, सहसचिवमा मन्जु सुनार, सदस्यहरुमा सीता सुनार, गम बहादुर सुनार, राम बहादुर सुनार, राज बहादुर सुनार सर्वसहमतिले निर्वाचित गरिएको थियो।

# एघारौं पोखरा महोत्सवलाई संघ संस्थाले सहयोग गर्ने

पोखरापत्र संवाददाता

पोखरा, २२ पुस

एघारौं पोखरा महोत्सवमा पोखरामा रहेका विभिन्न संघ संस्थाहरुले झांकी र्‍यालीमा सहभागी भइ सहयोग गर्ने भएको छ।

युनाईटेड क्लवको आयोजनामा आगामी पुषको २७ देखि माघको ९ गते सम्म पोखराको अमरसिंह चौरमा आयोजना हुने एघारौं संस्करणको पोखरा महोत्सवको उद्घाटन समारोहमा पोखरा रंगशालादेखी महोत्सव स्थल अमरसिंह चौर सम्म झांकी र्‍यालीमा सहभागी भइ सहयोग गर्ने भएको हो । बिहीबार अमरसिंह चौरमा आयोजित एघारौं पोखरा महोत्सवको अवसरमा आयोजित संघ संस्थाहरुको छलफलमा सहभागी भएकाहरुले पोखरा महोत्सव समग्र पोखरेलीहरुको महोत्सव भएकाले सम्पूर्ण संघ संस्थाहरुले एकजुट भएर सहयोग गर्नुपर्नेमा जोड दिएका हुन।

कार्यक्रममा वोल्दै नेपाल तामाङ घेदुङ पोखरा महानगर उपाध्यक्ष राम बहादुर तामाङ्ले युनाईटेड क्लवले आयोजना गर्ने पोखरा महोत्सवको माध्यामबाट सामाजिक काम गर्ने भएकाले सम्पूर्ण संघ संस्थाले सहयोग गर्नुपर्नेमा जोड दिए । पोखरा महोत्सवकै आयोजना गरी पोखरामा नया पर्यटकीय गन्तब्य चिडियाखाना निर्माण जस्तो महत्वपूर्ण काम भइरहेको वताउदै तामाङ्ले महोत्सवको माध्यमबाट आफुहरुको संस्कृतिको प्रवर्द्धन हुने भएकाले समपूर्ण संघ संस्थाहरुले आफुहरुको पहिचान झल्कने झांकी र रयालीलाई महोत्सवमा सहभागीता गराउनुपर्नेमा उनको जोड रहेको थियो। त्यस्तै विशालनगर आमा समुहकी शान्ता देवकोटाले पोखरा महोत्सवले शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटन र सेती नदी संरक्षणमा काम गर्दै आइरहेको र महोत्सव अवधिभरमा विभिन्न समुदायको संस्कृति झल्कने झांकीहरु समेत प्रस्तुत गर्दै आइरहेकाले सम्पुर्ण पोखरेलीहरुले साथ दिन आवश्यक रहेको वताइन। देवकोटाले पोखरा महोत्सवको अवसरमा महिला दिदी बहिनीहरुलाई लक्षित गरी हस्तकलाको सामाग्री निर्माणको निशुल्क तालिम प्रदान गरी महिला दिदीबहिनीहरुलाई स्वरोजगार बनाउनतर्फ लागेकोमा समेत खुसी ब्यक्त गरिन।

छलफल कार्यक्रममा वोल्दै युनाईटेड क्लवका अध्यक्ष तथा पोखरा महोत्सव मुल आयोजक समितिका संयोजक राजु श्रेष्ठले पोखरा महोत्सव सम्पूर्ण पोखरेली र पोखरामा रहेको संघ संस्थाहरुको सहयोगकै कारण एघारौं संस्करण सम्म आइपुगेको वताउदै आगामी महोत्सवहरुमा समेत सम्पूर्णले सहयोग गरिदिन आग्रह गरे । महोत्सवकै आयोजना गरी सामाजिक काममा लाग्नु आफैमा चुनौती रहेपनि सम्पूर्ण पोखरेलीहरुको सहयोगकै कारण पोखरा महोत्सव एघारौं संस्करण सम्म आइपुगेको उनको भनाइ रहेको थियो । सो अवसरमा सगरमाथा टोल बिकास संसथाका बम बहादुर गुरुङ, सिंगापुर टोल बिकास संस्थाका धन बहादुर गुरुङ, किरण भट्टचन, स्याङजा भुजेल सम्पर्क मञ्चका रविन्द्र थापा, प्रगतिशील टोल बिकास संस्थाका अग्नी प्रसाद श्रेष्ठ, पोखरा १३ की लक्ष्मी केसी, घिरिङ होम स्टेका संचालक मान बहादुर रानामगर लगायतले आ आफ्नो धारणा राखेका थिए।

युनाईटेड क्लवका पूर्व अध्यक्ष तथा एघारौं पोखरा महोत्सवका संघ सस्था समन्वय ब्यवस्थापनि उपसमिति संयोजक सुक बहादुर गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्लवका सचिव तथा एघारौं पोखरा महोत्सव झांकी तथा र्‍याली ब्यवस्थापन उपसमिति संयोजक पूर्णकला पोखरेलले स्वागत मन्तब्य राखेकी थिइनभने कार्यक्रमको संचालन युनाईटेड क्लबका महासिचव तथा एघारौ पोखरा महोत्सवका प्रचार प्रसार संयोजक दिनेश सुनारले गरेका थिए।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १४ नवरत्न टोल विकास संस्थाको विपि मार्ग कल्भर्टदेखि हुलाकी मार्गसम्म बाटो ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः** वि.पि. मार्ग कल्भर्टदेखि हुलाकी मार्गसम्म बाटो ढलान
**उपभोक्ता समितिः** वि.पि.मार्ग कल्भर्टदेखि हुलाकी मार्गसम्म बाटो ढलान उपभोक्ता समिति
**स्थानः** पोखरा–१४ नवरत्न टोल
**योजना सम्झौता मिति :** २०७९/०७/१५ गते
**योजना सुरु भएको मिति :** २०७९/०७/१६ गते
**योजना सम्पन्न मितिः** २०७९/०९/१३ गते
**योजनाको कुल लागत :** रु. २८,५७,१४२।–
**महानगरपालिकाबाट प्राप्त हुने रकम :** रु.२०,००,०००।–
**जनसहभागितावाट :** रु. ८,५७,१४२।–
**उपभोक्ता समिति अध्यक्षः** कृष्ण बहादुर घर्ती
**सचिवः** सरस्वती शर्मा, **कोषध्यक्षः** लोक प्रसाद आले
**सदस्यः** सानु राना, प्रेम बहादुर नेपाली, सिर्जना कँडेल, डण्डपानी अधिकारी

**वि.पि.मार्ग कल्भर्टदेखि हुलाकी मार्गसम्म बाटो ढलान उपभोक्ता समिति पोखरा-१४**



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# लेखनाथवासीको आशा– विमानस्थल बन्यो अब विकास होला कि ?

–जमुना वर्षा शर्मा

पोखरा, २२ पुस (रासस)

पर्यटकीय नगरी पोखरा भन्नेवित्तिकै अधिकांश मानिसहरु 'फेवाताल' सम्झन्छन् । पोखराको विकास पनि यसैलाई केन्द्रित गरी भयो। फलस्वरुप आजका दिनसम्म पनि पोखरा जाने अधिकांशको ' बकेट लिस्ट'मा फेवाताल र लेकसाइड नुछुट्ने गन्तव्यमा पर्छन्।

यद्यपि नजिकैको उत्तिकै सुन्दर र पर्यटकीय गन्तव्य बनेको लेखनाथमा भने अपेक्षाकृत पर्यटक पुगेको भने छैन । लेखनाथ नगरपालिका २०७३ फागुन २५ गते पोखरासँग जोडिएर देशकै ठुला पोखरा महानगर बनेको थियो । पोखरा महानगरपालिमा समेटिएसँगै यस क्षेत्रको धेरै विकास हुनेमा आशावादी रहेका स्थानीयहरु सोही अनुरुपको पूर्वाधार विकास नहुँदा र बक्ति मुनीको अँध्यारोमा रहेको गुनासो गदै आएका छन्।

यद्यपि हालै पोखरा अन्तर ीष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै यस क्षेत्रको पूर्वाधार विकासमा सरकारले ध्यान दिएर पर्यटकीय गतिविधि बढाउन सकेमा लेखनाथको समग्र विकासमा भूमिका खेल्ने विश्वास लेखनाथबासीको छ।

"सात तालको बाटिका शहर" परिचय बनाएको लेखनाथ पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन भएसँगै यस क्षेत्रको पूर्वाधार विकासको खाँचो रहेको बताउनुहुन्छ लेखनाथ होटल एशोसियशनका अध्यक्ष विरभद्र कँडेल। "लेखनाथ असाध्यै सुन्दर गन्तव्य हो, प्राकृतिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक हरेक कुराले भरिपूर्ण लेखनाथ सधै ओझेलमा छ", उहाँले भन्नुभयो, "अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन भएपछि भने यस क्षेत्रको पूर्वाधार विकासमा सरकारको ध्यान जान्छ कि भन्ने आशा लिएका छौ।" उहाँका अनुसार पहिले सञ्चालित विमानस्थलबाट लेकसाइड नजिक पर्दथ्यो भने अन्तर्राष्ट्रिय विमानस्थलबाट लेकसाइड र लेखनाथको बेगनास तालसम्मको दूरी उस्तै भएकाले पर्यटक लेखनाथसम्म आउने अपेक्षा गरिएको छ । लेखनाथमा रहेका रुपा, वेगनास, गुँदे, न्यूरेनी, दिपाङ, खास्टे, मैदी जस्ता रमणीय तालका साथै यहाँबाट आठ हजार मिटरभन्दा अग्ला धौलागिरि, अन्नपूर्ण, मनास्लु जस्ता हिमश्रृंखलाहरु देख्न सकिन्छ। त्यति मात्रै होइन, प्रिन्स चार्ल्स रोयल ट्रेक, चरा पर्यटन, लेखनाथको जन्मस्थल अर्घौं अर्चले, पचभैया, देउराली, चिडियाखाना, वराह क्षेत्र जस्ता निकै महत्व बोकेका पर्यटकीय गन्तव्यसँगै सुन्दर दृश्यवलोकन गर्न सकिने यस क्षेत्रको विकासमा तीनै तहको सरकारले जोड दिनुपर्ने स्थानीयहरुको भनाइ छ । विसं २०३७ मा बेलायती राजकुमार चार्ल्सले पदयात्रा गरेपछि यो बाटो रोयल ट्रेकका रूपमा चर्चित भए पनि यसको प्रवर्द्धन हुन नसकेको उहाँको भनाइ छ । विमानस्थल सञ्चालनसँगै लेखनाथ आसपासको ग्रामीण पर्यटन प्रवर्द्धन पनि गर्न सकिने उहाँको भनाइ छ। लेखनाथ विकास मञ्चका संयोजक एवम सामाजिक अभियन्ता सन्दीप पौडेल साविक लेखनाथलाई पोखरासँग जोडेर महानगर बनाउँदा विकासका धेरै आश्वासन पाएको तर पछिल्लो समय विजयपुर खोला वारीका समस्यामा नेतृत्वले कहिल्यै ध्यान नदिएको गुनासो गर्नुभयो।

"हामीले धेरै आश्वासन पायौं, पोखरा-२६ सिलिङ्गेमा अन्तर ीष्ट्रिय स्तरको सम्मेलन केन्द्र बनाउने भनेर पाँच सय रोपनी जग्गा छुट्टाएर राखिए पनि योजनामा समेटिएन", उहाँले भन्नुभयो, "बेगनास तालको बसपार्क, प्रदेशस्तरी बसपार्क, साततालजोड्ने योजना, धार्मिक पर्यटन प्रवर्द्धनका कैयन विषय भए पनि योजनामा परेनन्।" साथै तालचोक-बेगनास तालसम्म पर्ने बाटोको दुरावस्थाले पनि पर्यटकलाई सास्ती भएको, पूर्वाधार विकासको अभावमा यस क्षेत्रमा पर्याप्त लगानी हुन नसकेको र पर्यटकको बसाइ लम्बाउने गतिविधि हुन नसकेको गुनासो गर्नुभयो । उहाँका अनुसार बिदाका दिन तीन हजारदेखि पाँच हजारसम्म र सामान्य दिनमा एक हजारको हाराहारीमा बेगनास र रुपा लगायतका पर्यटकीय क्षेत्रमा पर्यटक आउने भएपनि बेलुका भने पोखरा नै फर्कने गरेका छन्।

जग्गाको मुआब्जा दिने गरी रुपातालमा बाँध बाँधेर करिब रू ६ अर्बको वृहत परियोजना एकीकृत रुपाताल विकास समितिमार्फत् भइरहेको र करिब ४५ प्रतिशत काम सम्पन्न भइसकेको पनि उहाँले जानकारी दिनुभयो। अ न्त र ीष्ट्रिय विमानस्थलमा उडानका लागि तत्काल केही समस्या देखिए पनि यसको समाधानसँगै समग्र पोखरा र गण्डकी प्रदेशकै पर्यटन विकास हुनेमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख काशिराज भण्डारीले विश्वास व्यक्त गर्नुभयो।

"नयाँ विमानस्थलबाट अन्तर ीष्ट्रिय बजार जोड्ने पहुँचको मार्ग बन्यो, पूर्वाधार बनेपनि सञ्चालनका चुनौती छन्, हवाई रुट सम्झौतापछि समस्या समाधान हुन्छ", भण्डारीले भन्नुभयो, "पोखरा अन्तर्राष्ट्रिय बजारसँग जोडिनेछ पर्यटक आवागमन स्वतः बढ्ने छ त्यसैले अब थप आवश्यक पूर्वाधारमा ध्यान दिनुपर्छ।" उहाँले विमानस्थल सञ्चालनमा आएसँगै अन्तर्राष्ट्रिय बजारका रुपमा सार्कका सबै देश, चीनका दक्षिण भेगका शहरहरु, थाइल्याण्ड, हङकङ, मलेसिया जस्ता गन्तव्यमा न्यारो बडी विमानमार्फत् जोड्न सकिने र यसले पर्यटन प्रवर्द्धन सहयोग पुर्‍याउनेमा विश्वास व्यक्त गर्नुभयो। "डुङ्गा चढ्न मात्र बेगनास र रुपा किन जाने ? वेगनासताल वरिपरि फुट ट्रेल, हाइकिङ रुट, विपश्यना ध्यान केन्द्रको प्रचार-प्रसार होस्, जुलोजिकल पार्क विकास होस्", उहाँले भन्नुभयो । लगानीमैत्री वातावरण बनाएर वृहत विकासका लागि एकीकृत सोच र धारणाको खाँचो औंल्याउँदै प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै मानिसको जीवनस्तर उकास्ने पर्यटकीय गतिविधिको खोजी अब लेखनाथमा हुनुपर्ने उहाँको धारणा छ । लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष छत्रधर आत्रेयले विमानस्थल सञ्चालन आएसँगै लेखनाथको पुर्वाधार विकासमा ध्यान दिनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो "सुन्दर र शान्त वातावरण मनपराउने पर्यटकका लागि लेखनाथमा प्रशस्त सम्भावना छन्, सडक पहुँचदेखि थप पूर्वाधार विस्तारमा जोड दिनुपर्छ।"

उहाँले विजयपुल विस्तारसँगै पोखरा मुग्लिङ सडक खण्ड विस्तार, सातताल जोड्ने सहज पहुँचमार्ग तत्काल आवश्यकता र विकासमा साझेदारीता आवश्यकता रहने भएकाले लगानीमैत्री वातावरण सरकारले तयार गरिदिए नीजि क्षेत्र लगानी गर्न तयार र उत्साहित रहेको बताउनुभयो।

आत्रेयले पछिल्लो समय बेगनासताल किनारको माझीकुना साथै रुपातालमाथिको झोलुङ्गे पुल, सुन्दरी डाँडा र पचभैया, बराह क्षेत्र पर्यटकको रोजाइमा परेकाले यस्तै पूर्वाधार विकास गरेर पर्यटकलाई थप आकर्षित गर्न सकिने बताउनुभयो । पर्यटकीय विकाससँगै यस क्षेत्रको उत्पादन, प्रवर्द्धन र बजारीकरणका लागि संघले वर्षेनि महोत्सव गर्दै आएको पनि जानकारी दिनुभयो । उहाँले पोखरा शहरमा शहरीकरणसँगै ट्राफिक जाम निकै बढ्दै गएकाले अब प्राकृतिक शान्त वातावरण चाहने आन्तरिक तथा बाह्य पर्यटकका लागि लेखनाथ एक उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा विकास हुने विशवास व्यक्त समेत व्यक्त गर्नुभयो।

# एक महिने स्वस्थानी व्रत आरम्भ

रासस

काठमाडौं, २२ पुस

प्रत्येक वर्ष पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म एक महिना विधिपूर्वक गरिने स्वस्थानी व्रत एवं माघस्नान आजदेखि विधिवत् सुरु गरिँदै छ।

पौषशुक्लपूर्णिमादेखिमाघशुक्ल पूर्णिमासम्म एक महिना स्वस्थानी व्रत र माघ स्नान गरिन्छ। पौष शुक्ल चतुर्दशीको दिन हात गोडाका नङ काटी स्नान गरी शुद्ध वस्त्र पहिरिएर यसको सुरुआत हुन्छ। बिहान माघ स्नान गरी नित्य मध्याह्नकालमा महादेवको पूजा गरिन्छ । बेलुकी स्कन्द पुराणको केदार खण्डअन्तर्गत माघ माहात्म्यको कुमार अगस्त्यबीच संवाद भएको स्वस्थानी व्रत कथा सुन्ने सुनाउने परम्परा छ।

एक महिनासम्म यो विधिबाट व्रत गरी माघ शुक्ल पूर्णिमाका दिन एक सय आठ जनै, एक सय आठ सुपारी, एक सय आठ पान, एक सय आठ फूल, एक सय आठ रोटी, एक सय आठ अक्षता विभिन्न थरिका फलफूल, धुप, बत्ती, नैवेद्य, श्रीखण्ड, रक्तचन्दन, सिन्दुर, वस्त्र, भेटी चढाइ व्रतको कामना पूर्ण होस् भनी भगवतीलाई अर्घ्य दिइन्छ । चढाइएका प्रसादमध्ये सबैबाट आठ-आठ पतिलाई, पति नभए छोरालाई र छोरा पनि नभए मितछोरालाई एवं मितछोरा पनि नभएमा कामना सिद्ध होस् भनी नजिकको पवित्र नदीमा लगी बगाउने व्रत विधि छ।

सय रोटी ब्रतालु आफैँले फलाहार गरी रातमा जाग्राम बसिन्छ। जाग्रामका समयमा देवीको माहात्म्य सुन्ने सुनाउने गरिन्छ। यसो गरेमा बर्तालुको मनोकाङ्क्षा पूरा हुन्छ भन्ने धार्मिक विश्वास छ। स्वस्थानीको शाब्दिक अर्थ आफू बसेको स्थानको देवी भन्ने बुझिन्छ। आफू बसेकी स्थानकी देवीको पूजा गर्नु नै स्वस्थानी पूजा हो। उत्तरायणपछिको समय ध्यान योग साधनाका लागि उपयुक्त भएकाले स्वस्थान अर्थात् आफ्नो आत्मामा सम्पर्कको अभ्यास गर्नुलाई स्वस्थानी भनिएको विश्वास गरिन्छ । यसका लागि पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्मको समय राम्रो मानिन्छ। सुवर्ण वर्णकी, त्रिनेत्रधारी, प्रशन्न मुद्रा भएकी, कमल र सिंहासनमा बसेकी, चार हात भएकी देवीलाई स्वस्थानी देवी भनी स्कन्द पुराणमा उल्लेख गरिएको धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले जानकारी दिनुभयो । "स्वस्थानीको चार हातमध्ये पहिलो हातमा नीलकमल, दोस्रो हातमा खड्ग, तेस्रो हातमा ढाल र चौथो हातमा वरदमुद्रा लिएकी देवी स्वस्थानी हुन् भनी पुराणमा उल्लेख गरिएको छ", उहाँले भन्नुभयो। यस्ती देवीको विधिपूर्वक व्रत गरेमा बिछोड भएका जोडीको पुनर्मिलन हुन्छ भन्ने विश्वास छ। रोगव्याध लागेको भए ठीक हुने र पति वा पत्नीका रूपमा कसैलाई इच्छाएको भए प्राप्त हुने कथासमेत नेपाली समुदायमा प्रचलित छ। सत्ययुगमा हिमालय पर्वतकी पुत्री पार्वतीले महादेवलाई पति पाऊँ भनी विष्णुको निर्देशानुसार स्वस्थानीको व्रत गरेको कथा स्वस्थानीमा वर्णन गरिएको छ । व्रतपछि बिछोडमा परेका नाग-नागिनीको समेत पुनर्मिलन भएको कथामा उल्लेख छ । गोमा ब्राह्मणीले सप्तऋषिले सिकाएको व्रतविधिअनुसार व्रत गर्दा पुत्र वियोगबाट मुक्ति मिलेको र व्रतकै प्रभावले छोरा नवराज लावण्य देश हालको साँखु क्षेत्रको राजा भएको कथासमेत स्वस्थानीमा वर्णन गरिएको साँखुको ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतिक र पर्यटकीय विषयमा अनुसन्धानरत इतिहासकार प्रकाश श्रेष्ठ 'सक्व'ले जानकारी दिनुभयो। यस अवसरमा आजैदेखि एक महिनासम्म उपत्यकाको उत्तर पूर्वी भेगस्थित १८ किमीको दूरीमा रहेको साँखुस्थित शालि नदीमा माघस्नानसहित माधवनारायणको मेला लाग्छ। प्राचीनकालदेखि लाग्दै आएको मेलामा महिनाभर लाखौँ भक्तजनको उपस्थिति रहन्छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १७ सप्तऋषि मार्ग ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः** सप्तऋषि मार्ग ढलान निर्माण कार्य
**स्थानः** पोखरा–१७, सप्तऋषि मार्ग
**उपभोक्ता समितिः** सप्तऋषि मार्ग ढलान उपभोक्ता समिति
**योजना सुरु भएको मिति :** २०७९/०८/२० गते
**योजना सम्पन्न मितिः** २०७९/१०/३० गते
**योजनाको कुल लागत :** रु. ७,५०,०००।–
**महानगरपालिकाबाट प्राप्त हुने रकम :** रु.६,००,०००।–
**जनसहभागितावाट :** रु. १,५०,०००।–
**उपभोक्ता समिति अध्यक्षः** कर्ण बहादुर के.सी.
**सम्पर्क नं.:** ९८४६४६९३१९
**उपभोक्ता समिति सदस्य संख्याः** ९ जना
**महिला सदस्य संख्याः** ३ जना

**सप्तऋषि मार्ग ढलान उपभोक्ता समिति**
**पोखरा-१७, सप्तऋषि मार्ग**

